**Planet INFOSYS P. Ltd**
www.planetinfosys.com.np

VAT: : 600710301
Reg: 107083/069/70

मिति : २०८३/०३/१६

**श्रीमान् कार्यकारी निर्देशकज्यू,**

**नेपाल आयल निगम लिमिटेड,**

**इन्जिनियरिङ, परियोजना तथा सूचना प्रविधि विभाग,**

**टेकु, काठमाडौँ।**

**विषय : अन्तिम किस्ता (बाँकी १०%) भुक्तानी सम्बन्धमा।**

महोदय,

उपर्युक्त सम्बन्धमा, त्यस निगम र हाम्रो कम्पनी Planet Infosys Pvt. Ltd. बीच मिति २०८१/११/२२ मा सम्पन्न भएको "Consulting for development of Mobile Application Software (Android and iOS)" को परामर्श सेवा खरिद सम्झौता एवं सम्बन्धित Terms of Reference (ToR) बमोजिमको कार्य सम्पन्न भइसकेको व्यहोरा अवगत गराउन चाहन्छौँ।

उक्त सम्झौताको भुक्तानी व्यवस्था (Payment Mode) अनुसार Application को अन्तिम विकास (Final Development) पश्चात्को ६०% तथा कार्य सम्पन्न (Completion of the Task) पश्चात्को ३०% गरी कुल ९०% रकम हामीले प्राप्त गरिसकेका छौँ। त्यसैगरी, सम्झौता बमोजिम प्रणाली स्थापना (System Setup) तथा कार्य सफलतापूर्वक सम्पन्न भएपश्चात् उपलब्ध गराउनुपर्ने **एक (१) वर्षको निःशुल्क मर्मत तथा सहयोग अवधि (Free Maintenance Period) समेत पूरा भइसकेको** छ। अतः ToR को बुँदा नं. १२ (Payment Mode) को बुँदा ३ अनुसार निःशुल्क मर्मत अवधि पूरा भएपश्चात् भुक्तानी हुनुपर्ने **बाँकी १०% रकम** उपलब्ध गराइदिनुहुन यो पत्रद्वारा अनुरोध गर्दछौँ।

सम्बन्धित सम्पूर्ण कार्य एवं Deliverables हरू ToR बमोजिम सम्पन्न गरी पेस गरिसकिएको हुँदा, उक्त बाँकी भुक्तानी प्रक्रिया अगाडि बढाइदिनुहुन हार्दिक अनुरोध गर्दछौँ।

भवदीय,

...................................

अमृत शर्मा

**(अधिकृत प्रतिनिधि)**

Planet Infosys Pvt. Ltd.

वडा नं. २२, ललितपुर